मितिः २०८१/०५/१९

समयः विहान ८.०० बजे

स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका नगर प्रमुख श्री मोहन बहादुर बस्नेतज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

तपसिलः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मोहन बहादुर बस्नेत | नगर प्रमुख | |
| २ | श्री सुशिला अधिकारी | उपप्रमुख | |
| ३ | श्री शिव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री महेश रिमाल | प्रवक्ता एवं वडा अध्यक्ष | |
| ५ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ६ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ७ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ८ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ९ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| १० | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ११ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १२ | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १४ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री बुद्रमाया पुतुवार (नगरकोटी) | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| २० | श्री अम्बिका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| २१ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |

# निर्णयहरू:

निर्णय नं. १

गत मिति २०८०/०४/२३ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं. २

नागार्जुन नगरपालिकामा चालु आर्थिक वर्ष भित्रमा तपसिल बमोजिमका कार्यविधिहरू तर्जुमा तथा पारित गर्ने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | कानूनको नाम | कैफियत |
|---|---|---|
| १. | सामुदायिक विद्यालयमा दिवा खाजा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ | पारित गर्ने |
| २. | नागार्जुन नगरपालिकामा निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ | |
| ३. | अटिजम सेवा केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ | तर्जुमा गर्ने |

निर्णय नं. ३

नागार्जुन नगरपालिकामा तपसिलमा उल्लेखित कम्पनीहरूले घ वर्गको इजाजत दर्ताको लागि निवेदन दिएकोमा अनुगमन समितिको मिति २०८१/०५/१८ को निर्णयबाट उपयुक्त देखि अनुमति पत्रका लागि नगर कार्यपालिकामा पेश भएका तपसिलमा उल्लेखित कम्पनीहरू 'घ' वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिल:

१. श्री ताजा कन्स्ट्रक्सन प्रा.लि., नागार्जुन न.पा. ६, काठमाडौं ।

निर्णय नं. ४

नागार्जुन नगरपालिका वडा नं. ३ स्थित ऐतिहासिक श्री हल्चोक आकाश भैरवको मन्दिरमा बर्षेनी विभिन्न महत्वपूर्ण जात्रा, भजन कीर्तन तथा पुजाहरू भई रहने र ती कार्यहरू गर्न केही सामाग्रीहरू अति आवश्यक भएको भनी सम्बन्धित वडा कार्यालयको प.सं. २०८१/०८२, च.नं. २३९, मिति २०८१/०५/११ को पत्रबाट माग मुकुट राख्ने बाकस थान १ माग भई आएकोले चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटको बाजा गाजा शिर्षकमा विनियोजित रकममध्येबाट खर्च हुने गरी प्राविधिक ल.ई. बमोजिमको रकम रू.१,४०,०००/- (एक लाख चालिस हजार) मात्रबाट उल्लेखित वस्तु खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

विश्व हिन्दु महासंघ नेपालको निवेदन अनुसार तनाव व्यवस्थापन सम्बन्धमा यस नगरपालिका भित्र सामुदायिक विद्यालयहरूका प्र.अ. तथा शिक्षकहरूलाई योग ध्यान गर्नको लागि अनुरोध गरी निवेदन पेश गरेकोले उल्लेखित कार्य गर्नको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटको अन्य कार्यक्रम शिर्षकमा विनियोजित रकममध्येबाट रकम रू.७५,०००/- (पच्चहत्तर हजार) मात्र खर्च हुने गरी सम्झौताको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ६

बालबालिका वास्ता नेपालले नागार्जुन नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा दन्त परिक्षण तथा मुटु रोग परिक्षण सिविर सञ्चालन गर्न हाललाई रकम रू.५,००,०००/- (पाँच लाख) मात्र चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटको गै.स.स. तथा अन्य निकायहरुसँगको समन्वय लागत साझेदारीमा बालबालिका वास्ता नेपालसँग गरिने शिविर कार्यक्रम सञ्चालन (स्वास्थ्य/शिक्षा) शिर्षकमा विनियोजित रकममध्येबाट रकम खर्च हुने तथा सम्बन्धित संस्थाको ३० प्रतिशत नगद यस नगरपालिकामा जम्मा गरी सम्झौताको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ७

नागार्जुन नगरपालिका अन्तर्गत वडा नं. १ मा मनसुनजन्य विपद्को कारण विभिन्न स्थानमा बाटो भासिएको, मंगल बिग्रीएको तथा वडा नं. ४ मा सोल्टी दोबाटो – महांकाल सडक खण्ड अन्तर्गत शुभकामना टोलमा मंगल भासिएर आवातजावत समेत कठिनाई भएकोले तत्काल मर्मत संम्भार गर्नु पर्ने भएको भनी सम्बन्धित वडा कार्यालयहरूबाट सिफारीस समेत प्राप्त भएकोमा चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटको प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी उल्लेखित कार्य गर्न सम्बन्धित वडा सचिवहरूलाई कायदिश दिई कार्य गराईएकोमा उल्लेखित निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।